**नीति जेआइ - विद्यार्थी अधिकार र दायित्व**

मानवअधिकार सबै मानिसका लागि उनीहरू मानिस भएकै कारणले लाभदायक छ। कसैको मानवियपन अस्थायी रूपमा विद्यार्थी भएकै कारणले नकार्न सकिँदैन; न विद्यार्थीलाई विद्यालयको सेटिङमा मानवअधिकारलाई आदरगर्ने व्यवहार, मानविय मर्यादा, समानता र सुरक्षा सिक्ने र अभ्यास गर्ने अवसरबाट बञ्चित गर्न सकिन्छ।

तदनुरूप आधारभूत संवैधानिक सुरक्षासँग समरूप विद्यालय अथोरिटिको विद्यालयमा व्यवहार प्रदान र नियन्त्रण गर्ने अधिकारले पनि त्यत्तिकै महत्व राख्छ। विद्यार्थीहरूले आस गरेको स्वतन्त्रता र विद्यालयले राम्रो वातावरण निर्माण गर्न निर्धारण गरेको उनीहरूको क्रियाकलापमा आवश्यक नियन्त्रण गर्ने नियमबीचको फरकलाई दुवै तर्फको उपयुक्त व्यवहारद्वारा कम गर्न (जोड्न) सकिन्छ।

विद्यार्थीको अधिकारहरू

१. आफ्नो आवश्यकता र क्षमता अनुरूप सुरक्षित र समान शिक्षाको अधिकार विद्यार्थीहरूको छ।

२. अन्य विद्यार्थीहरू र विद्यालय स्टाफहरूबाट आदरका साथ व्यवहार गरिनु विद्यार्थीहरूको अधिकार हो।

३. विद्यार्थीहरूको जम्मा हुने र बोली, लिखत, बितरणद्वारा वा जातिय, सांस्कृति वा राजनैतिक मूल्य झल्काउने कुराहरू जस्तै टाँक, ब्याज, प्रतीक र बाहुपट्टी लगाएर वा पोसाक वा सिँगार-पटारको रूपद्वारा आफूहरूलाई अभिव्यक्त गर्ने अधिकार छ, अपवादका रूपमा प्रिन्सिपल वा प्रतिनिधिले सो कुरालाई नियन्त्रण गर्न सक्छन् जब उनीहरूलाई तथ्यगत आधारमा विशिष्ट विद्यार्थीद्वारा विशिष्ट किसिमको अभिव्यक्ति विद्यालयका क्रियाकलापहरूमा मनग्ये बाधा उत्पन्न गरेको छ/गर्नेछ वा स्वास्थ्य र सुरक्षामा जोखिम देखिएको छ/देखिनेछ भन्ने लाग्छ। यस्ता क्रियाकलापहरूमा आफ्नो अभिव्यक्ति न दिन पाउने अधिकार पनि विद्यार्थीहरूको रहेको छ।

४. विद्यार्थीहरूलाई आफ्नो अधिकार हनन भएको लागेमा उनीहरूले विद्यालय प्रिन्सिपल वा प्रतिनिधिलाई वा अन्य कुनै उपयुक्त प्रशासकलाई गुनासो वा विरोध दर्ता गराउने अधिकार छ। यदि गुनासो वा बिरोधको विषय प्रिन्सिपल हो भने गुनासो वा बिरोध शैक्षणिक सुपरिन्टेन्डेन्ट पर्यवेक्षकलाई र/वा "सेफ टु टेल"लाई गर्नु पर्नेछ।

विद्यार्थी दायित्व

विद्यालय हाताभित्र, विद्यालय सुविधाहरूमा, डिस्ट्रिक्ट स्वीकृत वाहनहरूमा, निर्दिष्ट बस बिसौनीहरूमा वा विद्यालयले प्रायोजित गरेका कार्यक्रमहरूमा विद्यार्थीहरूको दायित्व निम्न हुनेछः

१. सिकाइका लागि प्रेरक सम्पूर्ण वातावरण तयार पार्न सहयोग गर्ने र विद्यालयको सञ्चालनलाई बाधा पुऱ्याउने वा त्यसमा खतरा ल्याउने र अन्य व्यक्तिहरूको शैक्षिक अधिकारमा दखल पुऱ्याउने कुनै पनि क्रियाकलापमा कुनै पनि विद्यार्थी संलग्न नहुने सिद्धान्तलाई आदर गर्ने।

२. त्यस्ता कुनै पनि व्यवहारबाट टाडै बस्ने जसले अर्को विद्यार्थीलाई जात, नश्ल, लिङ्ग, वैवाहिक स्थिति, उत्पत्ति राष्ट्र, असक्तता, धर्म, उमेर, यौनिक झुकाव, र लैङ्गिक पहिचानका आधारमा विभेद गर्दछ।

३. अनादरपूर्ण भाषा र हाउभाउबाट टाडै बसेर अन्य विद्यार्थीहरू, अभिभावकहरू र डिस्ट्रिक्ट स्टाफहरू सहित विद्यालय समुदायका सबै सदस्यहरूलाई आदर गर्ने।

४. अन्य विद्यार्थीहरू, स्टाफ र अन्य व्यक्तिहरूसँग झैझगडा सहित जाइलाग्ने व्यवहारबाट टाडै बसेर अन्य सबै व्यक्तिहरूको शारीरिक र व्यक्तिगत सुरक्षालाई प्रवर्धन गर्ने।

५. विद्यालय डिस्ट्रिक्टको सम्पत्तिलाई सुरक्षित व्यवहार गर्ने र डिस्ट्रिक्ट, स्टाफ र अन्य विद्यार्थीहरूको सम्पत्ति चोर्ने वा क्षति गर्ने कामबाट टाडै रहने।

६. कुनै पनि किसिमको हतियारको स्वामित्व, प्रयोग, बोकाइ, ल्याइबाट अरूलाई पनि निरूत्साहित गर्ने र आफू सो कार्यबाट व्यक्तिगत रूपमा टाडै बस्ने।

७. मदिरा, लागूपदार्थ, नार्कोटिक्स वा एनाबोलिक स्टेरोइड्स सहितका नियन्त्रित वस्तुहरू र प्रेस्क्राइब्ड औषधिहरू वा खतरापूर्ण औषधिहरूको प्रयोग, स्वामित्व, खरीद, बिक्री र साटासाटबाट टाडै रहने र बिद्यार्थीसँग लागू पदार्थ एवम् नियन्त्रित वस्तुहरूको खरीद बिक्रीबाट टाडै रहने।

८. कक्षामा उपस्थित हुने, समयमा आउने जाने र शिक्षा बोर्डले मागे अनुसार ग्र्याजुएसन आवश्यकता पूरा गर्ने प्रयास गर्ने।

९. डिस्ट्रिक्टबाट स्थानान्तरण, डिस्ट्रिक्टभित्रै ग्रेड तह परिवर्तन, वा ग्र्याजुएसन हुनुभन्दा अगावै सम्पूर्ण विद्यालयका सामग्रीहरू फिर्ता गर्ने वा हरेक वस्तुको शोधभर्ना गर्ने।

१०. शैक्षिक लगायत अन्य सबै लेनदेनमा इमानदारिताको अभ्यास गर्ने।

नीति जेके र जेके-आरले विद्यार्थी अनुशासन नियन्त्रण गर्नेछन्।

अङ्गिकारः जुन १७, १९९९

परिमार्जितः अक्टुबर १५, २००९